# आर्थिक वर्ष २०७७।०७८ को समिक्षा गोष्ठी

परिचयः

गुल्मी जिल्लाका १२ वटा स्थानीय तहहरु मध्ये यस मालिका गाँउपालिकामा ८ वटा वडाहरु रहेका छन् ।यहाँको क्षेत्रफल ९२.४९ वर्ग कि.मि. र कुल जनसंख्या २१,७२९ रहेको यस गाँउपालिकामा विविध जातजाति धार्मिक साँस्कृतिक भेषभूषाका मानिसहरु बसोबास गर्दछन् । भौगोलिक परिवेष्टको आधारमा पहाडी क्षेत्र भएको हुनाले भौतिक पूर्वधार साथै अन्य प्रविधिको विकासलाई अगाडि बढाउन गाँउपालिकाका सभा सदस्य कार्यपालिका सदस्य वडा अध्यक्ष कर्मचारी तथा वडा सचिवको उपस्थिति भई आफ्नो वडाको आर्थिक सामाजिक सास्कृतिक पूर्वधार लगाएत आफ्नो कार्यालयमा भएका दैनिक प्रशासनिक कार्य सञ्चालन पञ्जिकरण तथा सामाजिक सुरक्षाका कार्य वडा स्तरीय योजना पूर्वधार विकास जोखिम क्षेत्रको पहिचान कर संकलन तथा दाखिला जस्ता कार्यमा आर्थिक वर्ष ०७७।७८ को सुरुवात देखि हाल सम्म भएका प्रगति विवरण गर्न देखिएका समस्याहरु बारे समिक्षा गरि समिक्षा गोष्ठीमा प्रस्तुत प्रतिवेदनमा छलफल भएको थियो । यहि पेरिफेरिमा रहि कार्यक्रमको प्रतिवेदन तयार पारिएको छ ।

उद्देश्यः-

- पालिका भित्रका सम्पूर्ण वडाको वस्तुस्थितिको बारेमा यथार्थ जानकारी लिई भावि कार्यदिशा तय गर्न ।
- वडा भित्र भएका पूर्वधार विकास तथा अन्य विवरण थाहा हुनुका साथ प्रगति विवरण प्राप्त गर्न।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि तथ्याङक र त्यमा देखिएका समस्या बारे कर्मचारी र जनप्रतिनिधि एवं सरोकारवाला सँग प्रत्यक्ष सम्वन्ध स्थापित गर्न ।
- कर संकलन सम्बन्धि जानकारी हुनुका साथै करको दर र दायराका विषयमा व्यापक छलफल गर्न ।
- विभिन्न शाखा इकाईहरुबाट सम्पादित कार्यको विश्लेषण र भावि कार्यदिशा तय गर्न ।
- जन चासो र विविध विषयहरुको बारेमा जानकारी हुने ।
- सम्पादित कार्यको विवरण थाहा पाउन ।

**सहभागीहरु :**

- कार्यपालिका सदस्य
- गाँउसभा सदस्य
- कर्मचारी
- आम सरोकार राख्ने सबै गरि कम्तिमा १७६ जनाको सहभागिता रहेको ।

**उपलब्धीः-**

१. १० बुदे प्रतिवद्धता पत्र घोषण

२. विभिन्न शाखा इकाइहरुबाट सम्पादित कार्यको विश्लेषण र समिक्षा

३. विभिन्न शाखा ईकाईको गुनासो व्यवस्थापन

४.जन चासो र विविध विषयहरु

५.सम्पादित कार्यको विवरण र प्रगति समिक्षा

६.भावि दिनमा जनसहभागिता, जनचासो र जनजिविका लगायतका विंषयमा जनप्रतिनिधि ,कर्मचारी लगायतले १० बुदे प्रतिवद्धता अनुरुप कार्य गर्ने ।

**समस्याहरु :-**

१. जनशक्तिको कमी,

२. भौतिक पूर्वाधारको कमी,

३. तालिम, गोष्ठी लगायत प्रविधि मैत्री तालिमको अभाब

४. कर्मचारी र जनप्रतिनिधि र सरोकारबाला विचमा आवश्यक समन्वय नहुन।

५. कार्यालयलाई प्रविधिमैत्री बनाउन नसकिनु आदि ।

**समस्या सामाधानका उपायहरु :-**

१. जनशक्तिको पर्याप्तताका लागि लोक सेवा आयोग र मुख्यमन्त्रीलाई माग फारम भरि पठाउने

२. तालिम, गोष्ठी सञ्चालन गर्ने पर्याप्त बजेटको व्यवस्था गर्ने ।

३. कर्मचारी र जनप्रतिनिधि विच आवश्यक समन्वय कायम गर्ने

४. कार्यालयलाई प्रविधिमैत्री बनाउन विभिन्न सफ्टवेयरको प्रयोग गरि विद्युतिय सरकारको अवधारण कार्यान्वयन गर्ने ।

५. समस्या सामाधानका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरि तत्काल समस्या सामाधानमा लाग्नु पर्ने।

पेश गर्ने:
मधु कला घर्ती
प्रशासन सहायक पाचौ

स्वीकृत गर्ने
दिपक भण्डारी
प्रमुख प्रशासकीय अधिकृत